आज मिति २०७५।८।११ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर बोर्डको नियमित बैठक तपसिलको उपस्थितिमा बस्यो ।

## तपसिल उपस्थिति

1. श्री खगेन्द्र राई – नगर प्रमुख
2. श्री रिता कुमारी चौधरी – उप प्रमुख
3. श्री रोहितमान तामाङ – अध्यक्ष वडा नं. १
4. श्री सन्तोष सुवेदी – " २
5. श्री परशुराम राई – " ३
6. श्री चरण कुमार राई – " ४
7. श्री देव नारायण चौधरी – " ५
8. श्री कमलध्वज राई – " ६
9. श्री तेजराज तिम्सिना – " ७
10. श्री श्याम बहादुर मगर – " ८ श्याम
11. श्री प्रकाश राउत – " ९
12. श्री राम कुमार खड्का – " १०
13. श्री देवी कार्की – न.का.स.
14. श्री जानुका कुमर – " जानुका
15. श्री मदन कुमारी कार्की – " मदन कुमारी
16. श्री बिमला राई – "
17. श्री डोमा शेर्पा – "
18. श्री अस्मिता नेपाली – " अस्मिता
19. श्री प्रमिला पनुवार – "
20. श्री सुन्दर प्रकाश साह – "

## प्रस्तावहरु

1. दोस्रो थान पोखरी गोल्डकप सम्बन्धमा ।
2. दुर्घटना राहत सहयोग व्यवस्थापन समितिको माग सम्बन्धमा ।
3. ज्योति जागृत बहुमुखी क्याम्पसको माग सम्बन्धमा ।
4. बाल विकास केन्द्र माग सम्बन्धमा ।
5. देवीका ट्रेड एण्ड सप्लायर्सको माग सम्बन्धमा ।

Scanned by CamScanner

६, नेवा: समाजको माग सम्बन्धमा ।
७, विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि सम्बन्धमा ।
८, बजार व्यवस्थापन सम्बन्धमा वडा नं. ६,२,७ ।
९, वडा नं.२,३ को बजेट शीर्षक परिवर्तन सम्बन्धमा ।
१०, आर्थिक सहयोग सम्बन्धमा । (वडा नं. ६,८
११. ~~वडा नं.~~ प्राविधिक कर्मचारी सम्बन्धमा ।
१२, नागरिकता सिफारिस सम्बन्धमा ।
१३, पत्रकार युनियन चौदण्डीगढी र चौदण्डीगढी साप्ताहिकको माग सम्बन्धमा
१४, ट्राफिक विट सम्बन्धमा ।

## छलफल तथा निर्णयहरू

नि.नं.१ प्रस्ताव नम्बर १ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ३ स्थित श्री डिहबार कृषि सहकारी संस्था लि. द्वारा संचालित दोस्रो धानपोखरी गोल्डकप ~~खेल~~ को लागि भएको खर्चको बिल भर्पाई सहित आर्थिक सहयोग माग भएकोले उक्त संस्थालाई रु. १५०,०००।- एक लाख पचास हजार ~~आर्थिक सहयोग~~ रकम उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.२ प्रस्ताव नम्बर २ माथि छलफल गर्दा मिति २०७५ साल कार्तिक २५ गते बेलका न.पा. वडा नं. ८ को रंगमहलमा ट्र्याक्टर दुर्घटनामा परि मृत्यु हुने तथा घाइतेहरूको उपचार राहतको लागि दुर्घटना राहत सहयोग व्यवस्थापन समिति बेलका न.पा. को माग निवेदन अनुसार उक्त सम्पूर्ण मृतक तथा घाइतेको सहयोगार्थ यस न.पा. बाट रु. १,५०,०००।- आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

नि.नं.३ प्रस्ताव नम्बर ३ माथि छलफल गर्दा ज्योति जनता बहुमुखी क्याम्पसको माग निवेदन अनुसार शिक्षकहरूको तलब बक्यौता रकम रु. ९८०,०००।- यस न.पा. को विनियोजित बजेटको उपयुक्त शीर्षक बाट उपलब्ध गराउने निर्णय गरियो ।

Scanned by CamScanner

नि.नं.४ प्रस्ताव नम्बर ४ माथि छलफल गर्दा सगरमाथा माध्यमिक विद्यालय (१-१०) भोलेनीको माग बमोजिम उक्त विद्यालयमा बाल विकास केन्द्र स्थापनको लागि अनुमति दिने साथै सो सम्बन्धी आवश्यक व्यवस्थाको लागी शिक्षा शाखालाई जानकारी गराउने निर्णय गरियो।

नि.नं.५ प्रस्ताव नम्बर ५ माथि छलफल गर्दा देवीका ट्रेड एण्ड सप्लायर्सको बाँकी रकम भुक्तानी माग सम्बन्धमा उक्त जाली वितरण तथा खर्च सम्बन्धी आवश्यक कागजात माग जाँच गरी ~~उपयुक्त~~ न.पा.को बजेट शीर्षक मध्ये उपयुक्त शीर्षक बाट उक्त जालीको बाँकी रकम भुक्तानी गर्ने निर्णय गरियो।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा नेवा: समाज सेवा भवन निर्माण माग निवेदन आगामी वर्षको योजना तर्जुमामा पेश गर्ने निर्णय गरियो।

नि.नं.७ प्रस्ताव नम्बर ७ माथि छलफल गर्दा यस न.पा.को विपद् व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ स्वीकृत गर्ने निर्णय गरियो।

नि.नं.८ प्रस्ताव नम्बर ८ माथि छलफल गर्दा यस न.पा.को वडा नं. ६ र ७ मा पर्ने बेलार बजारमा व्यवसाय संचालन गर्ने अधिकांश व्यापारीहरुले सडकको ढल बाहिर टहरा बनाउने न.पा.ले तोकेको स्थानमा कृषि बजार संचालन नगर्ने जस्ता कार्य हरु भई रहेको र बजारमा सडक साँघुरो भई दुर्घटना समेत भई रहेको हुँदा स्थानीय टोल विकास संस्था, उ.वा.संघ, प्रशासन समेतको उपस्थितिमा बजार व्यवस्थापनको लागि आवश्यक कार्यहरु संचालन गर्ने निर्णय गरियो :- कार्यहरु

१. अव्यवस्थीत टहरा हटाउने।
२. अव्यवस्थीत होर्डिङ्ग बोर्ड र ट्याम्पु पार्किङ्ग हटाउने
३. न.पा.ले तोकेको स्थान अनुसार माग बजार लगाउने।

नि.नं.९ प्रस्ताव नम्बर ९ माथि छलफल गर्दा वडा नं.५ र ६ को बजेट शीर्षक परिवर्तनको लागि वडाको निर्णय सहित माग भएको हुँदा तपसिल अनुसार परिवर्तन गर्ने निर्णय गरियो ।

तपसिल

वडा नं. ५

| साविक शीर्षक | परिवर्तित शीर्षक |
| --- | --- |
| कार्यालय व्यवस्थापन रु.१,२०,०००।- | कार्यालयको व्यवस्थापन तथा |
| कार्यालयमा लत्ता खर्च रु. ७५०००।- | मार्थिल्लो तलाथप रु.१,९५,०००।- |
| १९५,०००।- | |

वडा नं. ६

| साविक शीर्षक | परिवर्तित शीर्षक |
| --- | --- |
| कृत्रिम गर्भधारण केन्द्र स्थापना रु.१००,०००।- | उन्नत जातको हेलेन राँगो खरिद र उन्नत जातको बोका खरिद रु.१००,०००।- |

नि.नं.१० प्रस्ताव नम्बर १० माथि यस न.पा. विभिन्न वडामा बस्ने व्यक्तिहरु विभिन्न दुर्घटनामा परि सकत घाईते भएका बिरामी हरुबाट उपचारको लागि आर्थिक सहयोग माग भएको हुँदा तपसिल अनुसार आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

१, मिलन वि.के. चौं.न.पा. ६, रु - १५,०००।- (घाँस काट्ने क्रममा कुखुरा लडेको)

२, बुद्ध मगर वडा नं. ८ रु. १५,०००।- (मृगौला रोगी)

३, मणि कुमार मगर वडा नं.८ रु. २,००,०००।- (उच्च रक्तचापबाट पूर्ण प्यारालाइज भएको)

नि.नं.११ प्रस्ताव नम्बर ११ माथि छलफल गर्दा यस न.पा.को पूर्व निर्णय बमोजिम यस न.पा.को सब इन्जिनियर पदमा - रहि कामकाज गर्न इच्छुक व्यक्तिहरु बाट इच्छा निवेदन पेश भएको हुँदा यस न.पा.को सब-इन्जिनियर पदमा

(signature)

Scanned by CamScanner

तपसिलका व्यक्तिहरूलाई करार नियुक्ति गर्ने निर्णय गरियो ।

तपसिल

१. श्री कमल आले - चौं.न.पा.७ (ओभरसियर)

२. श्री सृजना थापा - चौं.न.पा.६ ( " )

नि.नं.१२ प्रस्ताव नम्बर १२ माथि छलफल गर्दा यस नगर क्षेत्रमा रहेका वृद्ध, अशक्त तथा विपन्न समुदायका मानिसहरूले जिल्ला सम्म गई नागरिकता समेत लिन नसकेको हुँदा यस नगर क्षेत्रमा नागरिकता वितरण शिविर संचालन गर्न अति आवश्यक देखिएको हुँदा यस न.पा.को विकट क्षेत्रका वासिन्दाहरूलाई पायक पर्ने गरी नागरिकता टोली माग गरि नागरिकता शिविर संचालनको लागि जिल्ला प्रशासन कार्यालय उदयपुरलाई अनुरोध गर्ने निर्णय गरियो ।

नि.नं.१३ प्रस्ताव नं. १३ माथि छलफल गर्दा पत्रकार युनियन चौदण्डीगढी र चौदण्डीगढी साप्ताहिकको माग निवेदन अनुसार उक्त दुवै निवेदकलाई हुनेगरी संयुक्त रूपमा आवश्यक उपकरण खरिद, चौदण्डीगढी साप्ताहिक प्रकाशन अनुदान वापत न.पा.को सूचना संचार शीर्षक बाट रकम उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त चौदण्डीगढी साप्ताहिकको पत्रिका मार्फत यस नगरका नगर बासि जो कोहीको मृत्यु हुँदा फोटो सहित समवेदना प्रकाशन गर्ने निर्णय गरियो ।

नि.नं.१४ प्रस्ताव नम्बर १४ माथि छलफल गर्दा यस न.पा. क्षेत्रको ट्राफिक व्यवस्थापनको लागि वडा नं. ६ स्थित रातमाटे डाँडाको हाइवेय र न.पा. छिर्ने चोकमा ट्राफिक विट निर्माण गर्ने निर्णय गरियो ।

Scanned by CamScanner